# परखाल लड्ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## शहर-रक्तपात

**उत्पत्ति** ४:१०
अनि उहाँले भन्नुभयो, यो तैले के गरिस तेरो भाइको रगतले भूमिबाट मलाई दुहाइ दिइरहेछ।

**गन्ती** ३५:३३-३४
यसरी तिमीहरूले आफू बसेको ठाउँहरू अशुद्ध नपार किनकि रगतले देश अशुद्ध पार्छ, रक्तपात गर्नेको रगतले बाहेक अरू कुनै रगतले पनि त्याहाँ बनाएको रगतको निम्ति प्रायश्चित गर्नसकिँदैन।

**यशैया** १:१५:१६
तिमीहरूले प्रार्थनामा आफ्ना हाथ पसार्दा, म मेरो मुख तिमीहरू देखि अर्कोतिर फकाउनेछु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका हात रगतले भरिएको छन। आफूलाई धोएर चोखो पार। मेरो सामनेबाट तिमीहरूका दुष्टयाई फालिगेऊ खराबी गर्न छोड़।

**होशे** ४:२
यहाँ कसम खानु, झूट बोल्नु, हत्या, चोरी र व्यभिचार गर्नु बाहेक अरू केही छैन।

**भजनसंग्रह** १०६:३५-३८
तर तिनीहरू अन्यजातिहरूसगँ मिसिए। र उनिहरूका व्यवहार सिके। अनि तिनीहरूले उनिहरूका मूर्ति पूज्नलागे। र त्यही तिनीहरूका निम्ति पासो भयो। तिनीहरूले आफ्ना छोरा-छोरीहरू भूतहरूलाई बलि चढ़ाए, र निर्दोष रगत, आफ्नै छोरा-छोरीहरूका रगत बगाए, जसलाई तिनीहरूले कनानका मूर्तिहरूका निम्ति बलि चढ़ाए र त्यो देश रगतले अशुद्ध भयो।

## मूर्ति पुजा

**इजकिएल** ६:५-७
इस्राएल जातिका लाशहरू तिनीहरूकै मूर्तिहरूका सामने म राखिदिनेछु म तिनीहरू हड्डीहरू तिमीहरूकै वेदिका चारैतिर तितर बितर पार्नेछु। तिमीहरू जहाँ बसेता पनि तिमीहरू शहरहरू उजाड़ र तिमीहरू उच्च शहरहरू नष्ट पारिनेछन। र तिमीहरूका वेदिहरू उजाड़ र नष्ट हुनेछन। तिमीहरूका मूर्तिहरू भाँचेर नष्य पारिनेछन तिमीहरूका धूप चढ़ाउने वेदिहरू टुक्रा टुक्रा पारिनेछन। र तिमीहरूका कामहरू मेटाइनेछन। तिमीहरूका मारिएकाहरू तिमीहरूकै बीचमा लोटनेछन, र तिमीहरूले जान्नेछौं कि मनै परमप्रभु हुँ।

**लेवी** १८:२५,१६:२
त्यसरीनै त्यो देश अशुद्ध भएको हो। औ मैले त्यासमाथि त्यसको अधर्मको दण्ड उठाएँ, र देशले आफ्ना बासिन्दाहरूलाई उकेलेर फ्याकिदियो। सबै इस्रेएली समुदायलाई भन, तिमीहरू पवित्र होओ किनभने म तिमीहरूका परमप्रभु पवित्र छु।

**भजनसंग्रह** १०६:३५-३८
तर तिनीहरू अन्यजातिहरूसगँ मिसिए। र उनिहरूका व्यवहार सिके। अनि तिनीहरूले उनिहरूका मूर्ति पूज्नलागे। र त्यही तिनीहरूका निम्ति पासो भयो। तिनीहरूले आफ्ना छोरा-छोरीहरू भूतहरूलाई बलि चढ़ाए, र निर्दोष रगत, आफ्नै छोरा-छोरीहरूका रगत बगाए, जसलाई तिनीहरूले कनानका मूर्तिहरूका निम्ति बलि चढ़ाए र त्यो देश रगतले अशुद्ध भयो।

**यर्मिया** १:१६,३:१,२:६
औ मलाई त्यागेर तिनीहरूका सबै दुष्टताको कारणले गर्दा तिनीहरूका विरूद्धमा म मेरो न्यायको फैसाला सुनाउनेछु। तिनीहरूले पराई देवताहरूका निम्ति धूप बाले, र आफ्नै हातले बनाएको कुराहरूलाई दण्डवत गरे। यदि कुनै मानिसले आफ्नो स्वास्नीलाई त्यागछ र त्यो स्त्री उदेखि छुट्टिएर अर्को मानिसकी स्वासनी भई भने, के त्यो देश बिटुलो हुँदैन र तैंले धेरै प्रेमीहरूसित व्यभिचार गरेको छस, औ के तँ मकहाँ फर्केर आउँछस् परमप्रभु भन्नुहुन्छ आफ्नो आँखा उठाएर नाङगो डाड़ामा हेर। तिनीहरूमध्ये कुन चाहिँमा तैले कुकर्म गरेको छैनस् र एउटा अरबी मरूभूमिमा बसेझैं तँ आफ्नो प्रेमिकाको प्रतिक्षामा बाटो हुँदो बसीस। तैंले देशलाई आफ्नो व्यभिचार र दुष्ट कर्मले बिटुलो पारिस। वेश्यावृति त्यसको निम्ति यति सजिलो कुरा थियो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी।

**मलाकी** ४:४
मेरो दास मोशाको व्यवस्था, अर्थात विधि र न्यायका वचनहरू जे जे सारा इस्राएलले पालन गर्नको निम्ति होरेब पर्वतमा मैले त्यसलाई दिएँ, तिनीहरूको सम्झना राख।

# परखाल लड़ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस
तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## मूर्ति पुजा

**रोमी ७:१४**

किनकि हामी जान्दछौं, व्यवस्था आत्मिक हो, तर म चाहिँ शरीरिक हुँ, र पापमा बेचिएको छु।

**२ कोरिन्थी ७:१**

यसकारण ए प्रिय हो, प्रतिज्ञा भएका हुनाले शरीर र आत्माका सबै किसिमका अशुद्धहरूबाट हामी आफैलाई शुद्ध पारौं, औ परमेश्वरको डर राखेर पवित्रतालाई सिद्ध पारौं।

**एफिसी ५:२६-२७**

र उहाँले त्यसलाई वचनद्वारा पानीले धोएर शुद्ध पारी चोख्याउनुभयो, कि उहाँ आफैले यस्तो कुनै किसिमको दाग या चाउरी नभएको एउटा प्रतापी मण्डली आफ्नो निम्ति खड़ा गर्नलाई हो। तर त्यो चाहिँ ता पवित्र र निर्दोष हुनुपर्छ।

**प्रकाश २:२०**

तर तिम्रो विरूद्धमा मसँग यो कुरा छ, कि आफैले आफैलाई अगमवादिनी हुँ भन्ने स्त्री जिजेबेललाई तिमी रहन दिन्छौं, औ त्यसले मेरो दासहरूलाई व्यभिचार गर्न, र मूर्तिलाई चढ़ाएका कुराहरू खान सिकाएर फकाउँछे।

## शासक

**व्यवस्था २८:२३**

अनि तिमीहरूका शिरमाथि भएको आकाश पीतल र तिमीहरूमनिका धरती फलाम जस्तै हुनेछ।

**इजकिएल २२:६-१६**

हेर, तँमा भएको इस्त्राएलका शासकहरू हरेकले आफ्नो आफ्नो शक्ति अनुसा रगत बगाउननै तम्सिएका छन। तँमा भएका माता-पिताहरूको अवहेलना भएको छ। परदेशीहरू अत्यचारमा परेका छन् औ टुहुरा-टुहुरी र विधवाहरूलाई अन्याय भएको छ। तैंले मेरो पवित्र चीजहरूलाई तुच्छ ठानिस् र मेरो विश्राम दिनहरू अपवित्र गरिस। रगत बगाउनलाई झूटा दोष लाउने मानिसहरू तँमा छन। औ यस्ता मानिसहरू पनि छन जसले डाँड़ाहरूमा प्रसाद खान्छन। तँ भित्र मानिसहरू भ्रष्टचार गर्छन। तँभित्रै मानिसहरूले आफ्ना पिताको नग्नता उदाङ्ग पार्छन। तँभित्रै मानिसहरूले अशुद्ध अवस्थामा भएकी स्त्रीसित कुर्कम गर्छन। तँभित्रै कसैले आफ्नो छिमेकीको स्वास्नीसित घिनलागदा काम गर्छ। अर्कोले आफ्नी बुहारीलाई बिगारेर भ्रष्ट पार्छ। फेरि अर्कोले आफ्नै बाबुकी छोरी, झड़केली बहिनीलाई बिगार्छ तँभित्रै मानिसहरूले हत्या गर्नलाई घूस लिन्छन। तैंले ब्याज र बढ़ती लिन्छस, औ आफ्ना छिमेकीलाई अन्याාय गरेर नाफा गर्छस। तैंले मलाई बिर्सेको छस परमप्रभु भन्नुहुन्छ। यसैकारण हेर, तैंले अन्यायसित नाफा गरेकोर र तेरो बीचमा भएको हत्याको कारण मैले क्रोधले हात ठट्टाएँ। जुन दिन म तेरो न्याय गरूँला के त्यस बेला तेरो साहस रहला र? अथवा के तेरो हात दह्लिो होला त? म परमप्रभुले यो भनेकोछु र यसै गर्नेछु म तँलाई जाति जातिहरूका बीटमा तितर-बितर पार्नेछु, र देश देशमा यत्रतत्र पार्नेछु, र तँमा भएको फोहोरलाई भस्म गर्नेछु। औ अन्यजातिहरूका दृष्टिमा तँ बिटुलो हुनेछस् औ म परमप्रभु हुँ भनी तैंले जान्नेछस।

# परखाल लड़ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## शासक

**इजकिएल ६:५-७**

इस्राएल जातिका लाशहरू तिनीहरूकै मूर्तिहरूका सामने म राखिदिनेछु। म तिमीहरूका हड्डीहरू तिमीहरूकै वेदीका चारैतिर तितर-वितर पार्नेछु। तिमीहरू जहाँ बसे तापनि तिमीहरूका शहरहरू उजाड़ र तिमीहरूका उच्च स्थानहरू नष्ट पारिनेछन्। र तिमीहरूका वेदीहरू उजाड़ र नष्ट हुनेछन्। तिमीहरूका मूर्तिहरू भाँचेर नष्ट पारिनेछन्, तिमीहरूका धूप चढ़ाउने वेदीहरू टुक्रा-टुक्रा पारिनेछन् र तिमीहरूका कामहरू मेटाइनेछन्। तिमीहरूका मारिएकाहरू तिमीहरूका बीचमा लोट्नेछन्, र तिमीहरूले जान्नेछौ कि मनै परमप्रभु हुँ।

**इजकिएल २२:२८**

औ त्यसका अगमवक्ताहरू चाहिँ केवल बाहिरबाट पोत्दछन् झूटा दर्शन देख्छन, र झूटा अगमवाणी कहन्छन् र परमप्रभुले केही भन्नु नहुँदा पनि परमप्रभु यसो भन्नुहुन्छ भनी तिनीहरू भन्छन।

**१ कोरिन्थी ३:१७**

अब प्रभु ता आत्मा हुनुहुन्छ औ जहाँ प्रभुका आत्मा हुन्छ त्यहाँ स्वतन्त्रता हुन्छ।

**एफिसी ६:१**

ए बालक हो, प्रभुमा आफ्ना आमा-बाबुको आज्ञा पालन गर, किनभने यो उचित छ

**१ पत्रुस ५:५**

त्यसैगरी हे जवान हो, बुढ़ाहरूको अधीनमा बस तिमीहरू सबै एउटाले अर्कोप्रति नम्रताको व्यवहार गर। किनभने परमेश्वरले घमण्डीहरलाई विरोध गर्नुहुन्छ तर नम्रहरलाई अनुग्रह गर्नुहुन्छ।

**प्रकाश २:१४**

तर तिमीहरूको विरूद्धमा मसँग केही कुराहरू छन किनभने तिमीहरू त्यहाँ बालामको शिक्षा ग्रहण गर्ने कोही छन्
जसले इस्राएलीहरूको सामने ठेस लाग्ने ठेउको राखिदिनालाई मूर्तिलाई चढ़ाएका कुराहरूखान र व्यिभचार गर्न बालाकलाई सिकाएको थियो।

## मानिस - मिश्रित धातु

**हितोपदेश २५:४**

चाँदीको कसर निकालीदे, तब मात्र कलाकारले एउटा सुन्दर चीज बनाउनसक्छ।

**यशैया १:२२-२५**

तेरो चाँदीमा खिया लागेको छ, तेरो दाखमद्यमा पानी मिसाइयो। तेरो शासकहरू वागी भएका छन् तिनीहररू चोरहरूका साथी भएका छन तिनीहरू हरेकलाई घूस मनपर्छ, र कोसेली पाउन लोभ गर्छन् तिनीहरू टुहुरा-टुहुरीहरूको न्याय गर्दैन्। विधवाहरूको उजुर तिनीहरू कहाँ पुग्दैन।

**२ तिमोथी ३:२१**

यसकारण यदि कुनै मानिस यी कुराबाट आफूलाई शुद्ध राख्छ भने, त्यो सबै असल काममा तंतयार रहेको, मालिकको प्रयोगको निम्ति आदरको योग्य चोख्याइराखेको भाँड़ो हुनेछ।

**२ तिमोथी ३:१७**

परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण सुसजित भई सिद्ध भएको होस।

# परखाल लड़ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## धर्म र परम्पराको जुवा

**मत्ती १५:४**

किनभने परमेश्वरले भन्नुभएको छ आफ्नो बाबु र आमाको आदर गर र बाबु वा आमालाई अपशब्द लाउने चाहिँ अवश्य मारिओस् ।

**मर्कूस ७:८-९**

तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूको प्रथा मान्छौ। औ उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू आफ्ना रिवाज मान्नलाई कति सजिलोसँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ।

**लूका ७:३०**

तर फरिसीहरू र व्यवस्थाका अध्यपकहरूले चाहिँ तिनीबाट बप्तिस्मा नलिएका हुनाले परमेश्वरको अभिप्रायलाई आफ्नो निम्ति रद्द गरे।

**प्रेरित ९:१८**

अनि तुरुन्तै तिनका आँखाबाट चिप्राजस्तो केही खसे, र तिनले दृष्टि पाईकन उठेर बप्तिस्मा लिए।

**प्रेरित २६:१७-१८**

म तिमीलाई जनताहरू र अन्यजातिहरूका बीचबाट अलग गर्नेछु। तिनीहरूकहाँ म तिमीलाई पठाउनेछु। तिनीहरूका आँखा उघार्नालाई र तिनीहरूलाई अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फिराउनलाई, की पापमोचन र ममाथिको विश्वासद्वारा पवित्र भएका मध्येले पाउने अधिकार तिनीहरूले पनि पाऊन्।'

**१ कोरिन्थी ३:११-१५**

किनभने बसालिएको जगबाहेक, जो येशू ख्रीष्टनै हुनुहुन्छ, कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। तर यस जगमाथि कसैले सुन, चाँदी, बहुमूल्य पत्थरहरू, काठ, घाँस, परालको घर बनाउँछ भने, हरेक मानिसको काम प्रत्यक्ष हुनेछ। त्यो आगैमा प्रकट हुनेभएको हुनाले त्यसै दिनले त्यसलाई बताउँनेछ, र हरेक मानिसको काम कस्तो किसिमको रहेछ भन्ने आगैले प्रमाण दिनेछ। त्यसमाथि बनाएको कुनै मानिसको काम पक्का रह्यो भने त्यसले इनाम पाउनेछ। कसैके काम जलेर नष्ट भयोभने, त्यसले नोक्सानी भोग्नुपर्छ। तर त्यो आफैचाहिँ आगोबाट निस्केर बाँचेझैं बाँच्नेछ।

**गताली ३:२८**

अब यहुदी, ग्रीक, कमरा, फुक्का, नर, नारी छैन, किनभने तिमीहरू सबै ख्रीष्ट येशूमा एउटै छौ।

**कलस्सी २:८**

होशियार बस, नत्रता कसैले ख्रीष्ट अनुसारको होइन, तर मानिसहरूको फुलचार, संसारको अनुसारका तत्वज्ञान, र फोस्रो छलले तिमीहरूलाई शिकार बनाउला।

**कलस्सी ३:८-१०**

तर अब तिमीहरूले पनि रिस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली, यी सबै कुरा त्याग। एउटाले अर्कोलाई नढाँट, किनभने पुरानो मनुष्यत्वलाई त्यसका कामहरूसमेत तिमीहरूले त्यागेका छौ, औ नयाँ चोला धारण गरेर, आफूलाई सृष्टि गर्नेको रूपजस्तै भएर पूरा ज्ञानमा परिवर्तन भएका छौ।

# परखाल लड़ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## अति घृणा

**लेवी १८:२५**

त्यसरीनै त्यो देश अशुद्ध भएको हो। औ मैले त्यसमाथि त्यसको अधर्मको दण्ड उठाएँ, र देशले आफ्नो वासिन्दाहरूलाई उकेलेर फ्याँकिदियो।

**यर्मिया १:१६**

औ मलाई त्यागेर तिनीहरूले गरेका सबै दुष्टताको कारणले गर्दा तिनीहरूका विरूद्धमा म मेरो न्ययाको फैसला सुनाउनेछु। तिनीहरू पराइ देवताहरूका निम्ति धूप बाले, र आफ्नै हातले बनाएका कुराहरूलाई दण्डवत गरे।

**यर्मिया ३:१-२,९**

यदि कुनै मानिसले आफ्नो स्वास्नीलाई त्याग्छ र त्यो स्त्री उदेखि छुट्टिएर अर्को मानिसकी स्वास्नी भई भने, के त्यो मानिस फेरि त्यसकहाँ फर्केर जान्छ? के त्यो देश बिटुलो हुँदैन र? तैंले धेरै प्रेमीहरूसित व्यभिचार गरेको छस्, औ के तँ मकहाँ फर्केर आउँछस? परमप्रभु भन्नुहुन्छ। आफ्नो आँखा उठाएर नाङ्गो डाँड़ामा हेर्। तिनीहरूमध्ये कुन चाहिँमा तैंले कुकर्म गरेको छैनस् र? एउटा अरबी मरूभूमिमा बसेझैं तँ आफ्नो प्रेमिकाको प्रतीक्षामा बाटो हुँदो बसिस्। तैंले देशलाई आफ्नो व्यभिचार र दुष्ट कर्मले बिटुलो पारिस।

वेश्यावृति त्यसको निम्ति यति सजिलो कुरो थियो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारिस।

**दानिएल ९:८-९**

हे परमप्रभु, हाम्रा राजाहरू, शासकहरू र पिता-पुर्खाहरूलेझैं हामीले लज्जित हुनुपरेको छ। हामी सबैले तपाईंको विरूद्धमा पाप गरेका छौं।

## पूजाहारी

**नहेम्याह १३:१०**

लेवीहरूले आफ्ना भागहरू पाएका रहेनछ भन्ने कुरा पनि मैले सुनें। आफ्ना-आफ्ना कामका जिम्मा लिने, लेवीहरू र गवैयाहरू दुवै, आफ्ना-आफ्ना गाउँहरूमा गइहाले भन्ने पनि मैले सुनें।

**इजकिएल २२:२६-२७**

त्यसका पूजाहारीहरूले मेरो व्यवस्था भङ्ग गरेका छन् र मेरो पवित्र कुराहरू बिटुलो पारेका छन्। कुन पवित्र, कुन साधारण कुरो हो त्यसको तिनीहरूलाई केही विचारै छैन, नता तिनीहरूले शुद्ध र अशुद्धको भिन्नता सिकाएका छन्। औ तिनीहरूले मेरो विश्राम-दिनको वास्तानै गरेका छैनन्। यसरी तिनीहरूका बीचमा म अपमानित भएको छु। त्यसमा भएका त्यसका शासकहरू शिकार फहराउने, रगत बगाउने ब्वाँसाहरूजस्ता छन्। बेइमानीसित नाफा कमाउनलाई प्राण नाश गर्नेहरू!

**इजकिएल ४४:२३-२४**

तिनीहरूले मेरो प्रजालाई पवित्र र अपवित्र कुरा छुट्याउनु सिकाउनेछन्, औ तिनीहरूलाई शुद्ध र अशुद्धको भिन्नता देखाउनेछन्। कलह-फूट हुँदा तिनीहरू अदालतमा बसेर मेरो व्यवस्था बमोजिम तिनीहरूको मुद्दा फैसला गर्नेछन्। मैले तोकेको समयमा तिनीहरूले मेरो व्यवस्था र धर्म-विधीहरू पालन गर्नेछन्। तिनीहरूले विश्राम दिनलाई पवित्र मान्नेछन्।

**मलाकी २:७**

पूजाहारीको ओठले ज्ञानको रक्षा गर्नुपर्दछ, र मानिसहरूले त्यसैको मुखबाट व्यवस्था सिक्नु पर्दछ, किनभने त्यो सेनाहरूका परमप्रभुको दूत हो।

**मत्ती २३:१३**

धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, कपटीहरू, किनकि तिमीहरू मानिसहरूका विरूद्ध स्वर्गको राज्य बन्द गर्दछौ। किनभने तिमीहरू नता आफै पस्तछौ, न पस्नेहरूलाई पनि पस्न दिन्छौं।

# परखाल लड़ने पाँचवटा विषयहरू

औ परखाल बनाउने र मद्वारा नाश नहोस् भनी देशको लागि मेरो सामने धाँदोमा उभिने एउटा मानिस तिनीहरूका बीचमा मैले खोजे, तर पाउँदै पाइन। (इजकिएल 22:30)

## अगमवक्ता

**२ राजा १७:१३**

तापनि परमप्रभुले हरेक अगमवक्ता र दर्शीद्वारा इस्राएल र यहुदालाई यसो भनेर गम्भिर चेताउनी दिनुभयो "तिमीहरू आफ्ना खराब चाल छोड़, व्यवस्थामा दिएका मेरा आज्ञा र धर्म-वीधिहरू जो मैले तिमीहरूका पूर्खाहरूलाई आज्ञा गरेको थिएँ, र मेरा खास अगमवक्ताहरूद्वारा तिमीहरूलाई सुम्पिदिएको थिएँ, ती पालन गर।"

**यर्मिया २३:१६-१८**

सेनाहरूका परमप्रभु भन्नुहुन्छ, तिमीहरूका हृदयलाई आशाले भरिपूर्ण पार्ने अगमवक्ताहरूका कुरा तिमीहरू नसुन। तिनीहरू परमप्रभुको मुखको वचन होइन, तर आफ्ना मनको दर्शनको कुरा बताउँछन्। परमप्रभुको वचनको अवहेलना गर्नेहरूलाई तिनीहरू निरन्तर भन्छन्, तिमीहरूलाई भलाई हुन्छ, र अट्टेरी गरि आफ्नै मनको इच्छामा हिड़्नेहरूलाई तिनीहरू भन्छन्, 'तिमीहरूमाथि कुनै विपत्ति आउनेछैन'

किनभने तिनीहरूमध्ये को उहाँको वचन सुन्न र बुझ्न भनि परमप्रभुको सभामा बसेको छ र? अथवा कसले उहाँको वचन ध्यान दिएर सुनेको छ र?

**इजकिएल २२:२८**

औ त्यसका अगमवक्ताहरूचाहिँ केवल बाहिरबाट चूना पोत्दछन्, झूटा दर्शन देख्छन् र झूटा अगमवाणी कहन्छन् र परमप्रभुले केही भन्नु नहुँदा पनि 'परमप्रभु यसो भन्नुहुन्छ' भनी तिनीहरू भन्छन्।